# विषय सूची


| क्र.स. | विषय | पाना नं. |
|---|---|---|
| १ | पृष्ठभूमि | १ |
| २ | केन्द्रको संरचना र दरबन्दी विवरण | २ |
| ३ | कार्यकारी निर्देशक सहित केन्द्रको महाशाखा/ शाखाको कार्य विवरण | ८ |
| ४ | आर्थिक वर्ष २०८१/८२ मा केन्द्रले सम्पादन गरेका प्रमुख कामहरूको विवरण | २३ |
| ५ | स्वीकृत बजेट तथा प्रगति विवरण | ३० |
| ६ | आर्थिक वर्ष २०८१/८२ को नेपालको वैदेशिक व्यापारको वस्तुस्थिति | ३१ |

## पृष्ठभूमिः

निर्यात व्यापार अर्थतन्त्रको महत्वपूर्ण स्तम्भका रुपमा रहँदै आएको सन्दर्भमा मुलुकको निर्यात व्यापारलाई व्यवस्थित र संगठित रुपमा प्रवर्द्धन गर्न विश्व भरी नै व्यापारप्रवर्द्धन सँगठनहरुको भूमिका महत्वपूर्ण रहँदै आएको छ। दोश्रो विश्वयुद्धको समाप्ती सँगै विश्व व्यवस्थामा आएको परिवर्तनले सृजना गरेका अवसरहरुलाई उपयोग गर्न  तथा व्यापार क्षेत्रमा अन्तर्राष्टिय पहुँचमा स्थापित हुँदै गएको नियमवद्ध, व्यवस्थित र अनुमानयोग्य पहुँचका कारण विकासका दृष्टिले पछाडि परेका मुलुकहरुलाई उपलव्ध अन्तर्राष्टिय बजारमा प्रवेशका लागि उपयुक्त धरातल उपलव्ध गराएको थियो। विश्वका अति कम विकसित, अल्प विकसित र विकासशील देशमा उपलव्ध साधन र श्रोतको अधिकत्तम उपयोग गरी यी देशहरुका उत्पादनहरु उपलव्ध अन्तर्राष्ट्रिय बजारमा निर्यात गरी सम्वृद्धि हासिल गर्ने ध्येयका साथ विश्व भरी सरकार समर्थित सँगठित प्रयासहरुको शुरूवात भएको पाइन्छ। यी प्रयासहरुलाई सबैभन्दा बढी प्रभावकारी रुपमा सम्पन्न गर्ने निकायका रुपमा व्यापारप्रवर्द्धन निकायहरु नै हुने निष्कर्षका साथ विश्वका अतिकम विकसित र विकाशील दुवै थरी मुलुकहरुमा व्यापार प्रवर्द्धन निकायहरु स्थापना गरी मुलुकको निर्यातलाई व्यवस्थित रुपमा प्रवर्द्धन गर्ने अभ्यासको शुरुआत भएको देखिन्छ। वैदेशिक व्यापारमा अभ्यस्त नरहेका, बजारका बारेमा पर्याप्त सूचनाको अभाव रहेको र निर्यात व्यापारमा नियम कानुन, प्रावधान र प्रक्रियामा जानकारी नरहेका तेश्रो विश्वमा उत्पादक र निर्यातकर्तालाई बजारको माग अनुसार वस्तुविकास गर्ने, निर्यातकर्ताहरुलाई बजारको बारेमा यथार्थ तथ्याँक र सूचनाहरु प्रवाह गर्ने र निर्यात व्यापार सहजीकरणमा सहयोग गर्ने कार्यमा तात्कालीन समयमा स्थापित व्यापार प्रवर्द्धन सँगठनहरुले महत्वपूर्ण भूमिका खेलेको उदाहरणहरुले पनि नेपालमा पनि यही प्रकृतिको व्यापारप्रवर्द्धन निकायको आवश्यकता महसुस हुन थालेको हो । यही पृष्ठभूमिमा नेपालले पनि सीमित बास्केट र सीमित देशमा निर्भर निर्यात व्यापारलाई वस्तु तथा देशगत विविधीकरण गर्ने ध्येयका साथ व्यापारप्रवर्द्धन निकायको स्थापित मान्यतालाई आत्मसात् गरी व्यापारप्रवर्द्धन निकायमार्फत देशको वैदेशिक व्यापार अभिवृद्धि गर्ने नीति अँगीकार गर्दै आएको छ।  यही नीतिको फलस्वरुप नेपाल सरकारले आफ्नो निर्यातप्रवर्द्धन निकायको रुपमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई परिचालन गर्दै आएको छ। निर्यात सम्वद्ध सूचना सँकलन र प्रवाह, अध्ययन अनुसन्धान, वस्तुविकास, क्षमता अभिवृद्धि तथा व्यापार मेलाको आयोजना तथा सहभागिता एवम् नीतिगत परामर्शमार्फत सानो आकारको निर्यात बास्केट र सीमित देशमा सीमित निर्यात व्यापारलाई वस्तुगत र देशगत विविधीकरण गर्न आफ्नो स्थापना कालदेखि केन्द्रले महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

## केन्द्रको सामान्य परिचय

नेपालको निर्यात व्यापारलाई विविधीकरण गर्दै निर्यात क्षमताको अभिवृद्धि गर्ने हेतुले विक्रम सम्वत् २०२७ सालमा नेपाल सरकारको व्यापारप्रवर्द्धन निकायको रुपमा व्यापार प्रवर्द्धन केन्द्रको स्थापना गरिएको थियो। नेपालको व्यापारलाई देशगत र वस्तुगत विविधीकरण गर्ने व्यापार प्रवर्द्धन केन्द्रको भूमिका महत्व रहँदै आएको सन्दर्भलाई समेत दृष्टिगत गर्दै बदलिदो विश्व परीस्थितिमा देशको व्यापार विकास र विस्तार गरी मुलुकको अर्थतन्त्र अभिवृद्धि गर्न सहयोग पुर्याउने काम समेतका लागि विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति गठन आदेश २०६३ बमोजिम व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति गठन गरेको थियो। यसरी गठित समितिको सचिवालयको रुपमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको व्यवस्था गरिएको हो।

## <u>केन्द्रको संरचना र दरबन्दी विबरण</u>

**व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिको स्वरुप र प्रकृतिः**

नेपाल सरकारबाट विगतमा भारतमा केन्द्रीकृत निर्यात व्यापारलाई देशगत तथा वस्तुगत रुपमा विविधिकरण गरी निकासी प्रवर्द्धन गर्ने क्रममा निर्यातका प्रवर्द्धनात्मक कार्य सञ्चालन गर्न-गराउन वि.सं. २०२७ सालमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको स्थापना गरिएको थियो।

बदलिदो परिस्थितिलाई समेत दृष्टिगत गरि मिति २०६३।०५।२० मा व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति गठन गरियो। सोको स्थापना तथा सञ्चालन बारे राजपत्रमा मिति २०६३।०७।१३ मा सूचना प्रकाशित भएपश्चात् मिति २०६३।०७।१७ मा समितिको सचिवालयको रुपमा **व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र** ले नेपालको निर्यात व्यापार प्रवर्द्धनका क्षेत्रमा कार्य गर्दै आइरहेको छ।

व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६३ ( संशोधन सहित) बमोजिम गठन भएको व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिको स्वरुप निम्नानुसार रहेको छ

| | |
|---|---|
| (क) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री वा राज्यमन्त्री | अध्यक्ष |
| (ख) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य तथा आपूर्ति तर्फ) | सदस्य |
| (ग) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (उद्योग तर्फ) | सदस्य |

(घ) सचिव, अर्थ मन्त्रालय सदस्य
(ङ) महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग सदस्य
(च) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ सदस्य
(छ) अध्यक्ष, नेपाल उद्योग परिसंघ सदस्य
(ज) अध्यक्ष, नेपाल चेम्वर अफ कमर्श सदस्य
(झ) वाणिज्यशास्त्र, अर्थशास्त्र व्यवस्थापन वा कानुन विषयमा कम्तीमा स्नातक उपाधि हाँसिल गरेको र उद्योग, वाणिज्य क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट गठन आदेशको दफा ८ बमोजिमको समितिको सिफारिशमा समितिले मनोनित गरेका दुई जना सदस्य
(ञ) कार्यकारी निर्देशक सदस्य—सचिव

**समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम रहेको छः

(क) देशको व्यापार विकास र विस्तार गर्ने सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्न नेपाल सरकारलाई सुझाव दिने,
(ख) देशको व्यापार विकास र विस्तार गरी मुलुकको अर्थतन्त्र अभिवृद्धि गर्न सहयोग गर्ने,
(ग) आन्तरिक व्यापार प्रवर्द्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापार मेला तथा प्रदर्शनीको आयोजना गर्ने,
(घ) ग्रामीण क्षेत्रमा उत्पादित कृषि तथा गैरकृषिजन्य वस्तुको आन्तरिक वा बाह्य बजार विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकासद्वारा गरिबी निवारणमा सघाउ पुऱ्याउने,
(ङ) निकासीयोग्य वस्तुको उत्पादनमा वृद्धि ल्याउन सम्बन्धित निकायबीच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,
(च) निकासीजन्य वस्तुको लागि बजार पहिचान गरी व्यापार विविधीकरण गर्न सहयोग गर्ने,
(छ) निकासी प्रवर्द्धन तथा व्यापार विविधीकरणका लागि सस्था स्थापना गर्ने तथा संस्थापित संस्थालाई आवश्यक सहयोग गर्ने,
(ज) निकासीयोग्य वस्तुको गुणस्तरको लागि विदेशी राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ सस्थासंग निकासी पैठारी तथा व्यापार व्यवस्थापन सम्बन्धमा प्राविधिक सहयोग आदान प्रदान गर्ने,

(झ) निकासी उन्मुख तथा पैठारी प्रतिस्थापन परियोजनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट लगानी गर्न उपयुक्त कार्यक्रम सञ्चालन गर्ने,

(ञ) व्यापारसँग सम्बन्धित आवश्यक सूचना, तथ्यांक, जानकारी तथा ज्ञानमूलक विषयको संकलन, प्रकाशन तथा विक्री वितरण गर्ने तथा सो सम्बन्धी सूचनागृहको रुपमा काम गर्ने,

(ट) वैदेशिक व्यापारमा देखापरेका समस्याको पहिचान गरी सोको समाधानको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ठ) उत्पादित वस्तुको बजार प्रवर्द्धन तथा बजार परीक्षण गर्न सहयोग पुऱ्याउने,

(ड) स्वदेशी तथा विदेशी क्रेता तथा विक्रेताको व्यापारिक भेला गर्ने तथा निजहरुलाई संलग्न गराई विभिन्न किसिमका गोष्ठी, कार्यशाला, तथा तालिम सञ्चालन गर्ने,

(ढ) उत्पादित वस्तु वा सेवाको गुणस्तर नियन्त्रण, बीमा, ढुवानी आदिको सरलीकरण तथा निकासी कारोबारसँग सम्बन्धित अन्य सेवाहरुको प्रवर्द्धन तथा सम्बर्द्धन गराउन सहयोग गर्ने,

(ढ१) मुलुकको वैदेशिक व्यापारको विकास, विस्तार, तथा प्रवर्द्धन गरी व्यापार घाटालाई न्यूनीकरण गर्ने उपाय पत्ता लगाउने,

(ढ२) नेपाली वस्तुको उच्च निर्यातको सम्भाव्यता भएका मुलुकहरुको विवरण तयार गर्ने,

(ढ३) नेपाली उद्यमी व्यवसायीलाई आफनो उत्पादन विदेशी बजारमा पुऱ्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ढ४) अन्तर्राष्ट्रिय बजारको मागको प्रकृति अनुसार निजी क्षेत्रलाई वस्तु विकास, प्याकेजिङ तथा लेवलिङमा सुधार गर्ने कार्यमा सहयोग पुऱ्याउने,

(ढ५) नेपाली उद्यमी तथा व्यवसायीलाई भौगोलिक संकेतीकरण, सामूहिक ट्रेडमार्क जस्ता व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति दर्ता गर्ने कार्यमा सहयोग पुऱ्याउने,

(ढ६) अन्तर्राष्ट्रिय बजारमा नेपालका उत्पादन र लगानीको सम्भाव्यताका बारेमा गैर आवासीय नेपाली संस्था, कूटनीतिक तथा वाणिज्य नियोगसँग समन्वय गरी प्रचार प्रसार गर्ने गराउने,

(ढ७) निर्यातयोग्य वस्तु तथा सेवाहरुको उत्पादन, बजार पहुँच व्यवस्थापन

तथा प्रवर्द्धनका विषयमा तालिम कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ढ८) स्वदेशी तथा विदेशी प्राज्ञिक सस्थासँग समन्वय गरी अन्तर्राष्ट्रिय व्यापारका विभिन्न विषयमा तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने, गराउने,

(ढ९) मुलुकको आन्तरिक तथा अन्तराष्ट्रिय व्यापार प्रवर्द्धन र व्यस्थापनको क्षेत्रमा राष्ट्रिय सम्पर्क बिन्दु (नेशनल फोकल पोइन्ट) को रुपमा कार्य गर्ने,

(ढ१०) द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सम्बन्धी समसामयिक विषयहरुमा अध्ययन तथा अनुसन्धान गरी सोको प्रतिवेदन प्रकाशन गर्ने,

(ढ११) स्वदेश तथा विदेशमा आयोजना हुने व्यापार मेला तथा व्यापार प्रदर्शनीमा नेपाली उद्यमी, व्यवसायीलाई सहभागी गराउन आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

(ण) समितिको वार्षिक बजेट तथा कार्यक्रम बनाई स्वीकृत गर्ने,

(त) समितिको उद्देश्य पूर्ति गर्न आवश्यक अन्य काम गर्ने,

## समितिको सचिवालयको रुपमा कार्यरत व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सांगठनिक स्वरुप, जनशक्ति व्यवस्था संगठन संरचना

समितिको (गठन) आदेशमा उल्लेख भएका कार्यहरु सम्पन्न गर्नको लागि यस केन्द्र अन्तर्गत  केन्द्रीय कार्यालयमा ३ महाशाखा र ९ शाखा तथा २ सम्पर्क कार्यालयहरु क्रमशः विराटनगर र  नेपालगञ्जमा रहेको छ। केन्द्रको दैनिक कार्यहरुलाई सहज रुपमा सम्पन्न गर्न केन्द्र अन्तर्गत ९६ जनाको दरवन्दी स्वीकृत रहेकोमा हाल स्थायी ३६ जना  कर्मचारीहरु कार्यरत छन्। जस्को विवरण निम्नानुसार रहेको छ।

| क्र. सं. | पद | तह | स्वीकृत दरबन्दी | | | कार्यरत कर्मचारी | | | रिक्त दर बन्दी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र | प्रा | कूल | प्र | प्रा | कूल | प्र | प्रा | |
| १ | कार्यकारी निर्देशक | | १ | - | १ | १ | - | १ | - | - | |
| २ | नायव कार्यकारी निर्देशक | १० | ३ | - | ३ | ० | - | ० | ३ | | |
| ३ | निर्देशक | ९ | ३ | २ | ५ | १ | - | १ | २ | २ | |
| ४ | उपनिर्देशक | ८ | ६ | २ | ८ | २ | २ | ४ | ४ | | १ जना तथ्यांक, १ जना टेक्स्टाइल इ. |
| ५ | बरिष्ठ अधिकृत | ७ | ९ | २ | ११ | ४ | २ | ६ | ५ | | १ जना ल्याव, १ जना तथ्यांक |
| ६ | शाखा अधिकृत | ६ | २१ | ४ | २५ | ४ | | ४ | १७ | ४ | |
| ७ | बरिष्ठ सहायक | ५ | १३ | ६ | १९ | १ | ४ | ५ | १२ | २ | म.ले.नि.का. बाट खटिइ आउने ले खापाल सहित ४ कम्प्यूटर, १ तथ्यांक |
| ८ | सहायक | ४ | ४ | १ | ५ | ३ | | ३ | १ | १ | |
| ९ | हलुका सवारी चालक | श्रे.वि. | - | ४ | ४ | | १ | १ | | ३ | |
| १० | कार्यालय सहयोगी | श्रे.वि. | ९ | - | ९ | ३ | - | ३ | ६ | - | |
| ११ | पाले | श्रे.वि. | ४ | - | ४ | ३ | - | ३ | १ | - | |
| १२ | बगैंचे | श्रे.वि. | १ | - | १ | १ | - | १ | | - | |
| १३ | स्वीपर | श्रे.वि. | १ | - | १ | - | - | - | १ | - | |
| | जम्मा | | **७५** | **२१** | **९६** | **२३** | **९** | **३२** | **५२** | **१२** | |

# व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको संगठन संरचना-२०७२




| क.सं | पद/तह | प्रशासन | प्राविधिक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यकारी निर्देशक / विशिष्ट | १ | - | १ | |
| २ | नायब कार्यकारी निर्देशक/दशौं तह | ३ | - | ३ | |
| ३ | निर्देशक /नवौं तह | ३ | २ | ५ | |
| ४ | उप निर्देशक/ आठौं तह | ६ | २ | ८ | |
| ५ | बरिष्ठ अधिकृत/सातौं तह | ९ | २ | ११ | |
| ६ | शाखा अधिकृत/छैठौं | २१ | ४ | २५ | लेखा अधिकृत समेत |
| ७ | बरिष्ठ सहायक/पाचौं तह | १३ | ६ | १९ | लेखापाल समेत |
| ८ | सहायक/चौथो तह | ४ | १ | ५ | |
| ९ | हलुका सवारी चालक | - | ४ | ४ | |
| १० | कार्यालय सहयोगी/श्रेणी विहिन | ९ | - | ९ | |
| ११ | पाले | ४ | - | ४ | |
| १२ | बगैंचे | १ | - | १ | |
| १३ | स्वीपर | १ | - | १ | |
| | जम्मा | ७५ | २१ | ९६ | |

**नोट** : तह विहिन पदमा कार्यरत स्थायी कर्मचारी कुनै पनि कारणबाट सेवा निवृत्त भएमा उक्त पदहरुमा सेवा करारबाट पुर्ति गरिनेछ। साथै विभिन्न तहका प्राविधिक पदमध्ये प्रविधिक पद कम्प्युटर र हलुका सवारी चालक पदहरुमा कार्यरत कर्मचारीहरु सेवा निवृत्त भए वा ती पद रिक्त रहेको अवस्थामा स्थायी पदपुर्ति नभए सम्मका लागि सेवा करारबाट कार्य संचालन गरिनेछ ।

## कार्यकारी निर्देशक सहित केन्द्रको महाशाखा/शाखाको कार्य विवरण

**कार्यकारी निर्देशक**

- व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६३ (संशोधन सहित) को दफा ७ को उपदफा ३ वमोजिम केन्द्रका कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय वमोजिम रहेको छ।
- समितिको वार्षिक बजेट, कार्यक्रम तथा योजना तयार गरी समिति समक्ष पेश गर्ने,
- समितिको बैठकमा पेश गरिने विषयको प्रस्ताव तयार गर्ने, गराउने,
- समितिको सम्पत्तिको रेखदेख गर्ने तथा त्यस्तो सम्पत्तिको अभिलेख अद्यावधिक गरी राख्ने,
- समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,
- समितिबाट स्वीकृत योजना तथा कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्ने, गराउने,
- समितिको दैनिक प्रशासन सञ्चालन गर्ने,
- समितिले तोकिदिएका अन्य काम गर्ने, गराउने।
- केन्द्रको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण २०७२ अनुसार निम्न वमोजिम महाशाखा तथा शाखाहरु रहेका छन्।

### (क) बजार प्रवर्द्धन महाशाखा

### (क.१) मेला तथा प्रदर्शनी शाखा

- निकासीयोग्य वस्तुहरुको बजार प्रवर्द्धनका लागि स्वदेश तथा विदेशमा आयोजना हुने मेला, प्रदर्शनी, Expo हरुको जानकारी सङ्कलन गरी आवश्यकता अनुसार कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गराउने एवं सम्बन्धितलाई जानकारी उपलब्ध गराउने।
- अन्तर्राष्ट्रिय स्तरमा एकदेशिय व्यापार मेला आयोजनाको संयोजन तथा व्यवस्था गर्ने।
- स्वदेशमा अन्तर्राष्ट्रिय मेला प्रदर्शनी आयोजना गर्ने तथा अन्य देशहरुले आयोजना गर्ने मेला प्रदर्शनीमा आवश्यकता अनुसार सहयोग गर्ने।
- स्वदेश तथा विदेशमा आयोजना हुने मेला, प्रदर्शनी तथा एक्स्पोहरुमा भाग लिने कार्यविधी लगायतका सम्पूर्ण प्रलेखहरु तयार गरी आवश्यक कार्य गर्ने।

- अन्तर्राष्ट्रिय व्यापार मेला, प्रदर्शनी एक्स्पोजिशनहरुमा सहभागिता गर्ने संघ/संस्था/फर्म/कम्पनीहरुलाई आवश्य सिफारिश उपलब्ध गराउने
- बजार प्रवर्द्धनका लागि भर्चुवल (Virtual) मेला तथा स्टोर प्रमोशन (Qmore Promotion) सम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा अध्ययन गरी तत्सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने।
- मेला प्रदर्शनीहरुमा लक्षित व्यापारिक प्रतिनिधिमण्डलको भ्रमणको व्यवस्थापन गर्ने।
- विश्व प्रदर्शनीमा सहभागिता तथा व्यवस्थापन सम्बन्धी समन्वय एवं निर्देशन समितिको सचिवालयको रुपमा कार्य गर्ने।
- अन्तर्राष्ट्रिय व्यापार मेला, प्रदर्शनीहरुमा सहभागिता गरेपछि सो को अध्यावधिक विवरण राख्ने तथा उपलब्धी मूल्याङ्कन सहितको विश्लेषण कार्य गर्ने।
- भाग लिएका मेलाहरुको रेकर्ड सूची अद्यावधिक गरी राख्ने।
- स्वदेश तथा विदेशमा आयोजना हुने मेला, प्रदर्शनी तथा एक्स्पोहरुको अध्ययन तथा निरीक्षण भ्रमण गर्ने।
- तोकिएको अन्य कार्य गर्ने।

### (क.२) व्यापार सहयोग तथा वैदेशिक समन्वय शाखाः

- विदेशबाट आउने व्यापारिक प्रतिनिधिमण्डलहरुको आवश्यकता अनुसार भेटघाट तथा छलफलको व्यवस्थापन कार्य गर्ने।
- अन्तर्राष्ट्रिय बजारलाई लक्षित गरी व्यापारिक प्रतिनिधिमण्डलको भ्रमण व्यवस्थाका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउने तथा भ्रमणको उपलब्धी सहितको प्रतिवेदन तयार गर्ने।
- आयात तथा निर्यातकर्ता बीच आवश्यकता अनुसार भेटघाट, छलफल तथा गोष्ठी, सेमिनारको व्यवस्था गर्ने।
- सरकारी तथा निजी क्षेत्रको लागत सहभागिता (Public Private Partnership) को आधारमा आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरी स्वीकृत कार्यक्रम सञ्चालन गरी कार्यान्वयनको अनुगमन गर्ने।
- आर्थिक कुटनीतिको माध्यमबाट निर्यात व्यापारको विकास र विस्तारको लागि गर्न सकिने कार्यहरुको पहिचान गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउने।

- अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग व्यापारिक सम्बन्ध स्थापित गर्न आवश्यक पहल गर्ने।
- वैदेशिक सहायता प्राप्त गर्न कार्ययोजना तयार गरी सम्बन्धितबाट कार्यान्वयन गराउन पहल गर्ने।
- भ्रमणको आदान प्रदान, बजार अध्ययन र क्रेता बिक्रेताको भेटघाट लगायतका कार्यक्रमहरु आवश्यकतानुसार आयोजना गर्ने।
- तोकिएको अन्य कार्यहरु गर्ने।

## (क.३) जि.एस.पि. तथा एकद्वार निर्यात सेवा शाखा

- एकै स्थानबाट निर्यातका प्रक्रियागत कार्यहरु फछ्र्यौट गराउने र आवश्यकता अनुसार यस सम्बन्धी कार्यविधि तयार गर्ने-नीतिगत कार्यहरु गर्ने, सम्बन्धित सरकारी निकाय, नीजि क्षेत्रका प्रतिनिधि मूलक संस्था तथा सेवाग्राहीका बीच समन्वयकारी भूमिका निर्वाह गर्ने।
- केन्द्रका प्रकाशनहरुको बिक्री वितरण गर्ने एकद्वार निर्यात सेवा सञ्चालनको हस्ताक्षरित समझदारी पत्र कार्यान्वयन गर्ने, गराउने।
- एकद्वार निर्यात गृह सन्चालनको लागि गठित ''एकद्वार निर्यात सेवा गृह सन्चालन तथा व्यवस्थापन समिति र एकद्वार निर्यात सेवा कार्य मूल्याङ्कन तथा अनुगमन समिति"लाई सचिवालय सेवा प्रदान गर्ने।
- सामान्य ग्राह्यता प्रणाली (GSP/REX) प्रयोग र यसबाट प्राप्त गर्ने लाभका सम्बन्धमा सम्बन्धितलाई जानकारी उपलब्ध गराउन तालीम, गोष्ठी, सेमिनार, अन्तरक्रिया लगायतका कार्यक्रमहरु आयोजना गर्ने।
- जि.एस.पी./रेक्स सुविधा प्रदान गर्ने विकसित र औद्योगिक राष्ट्रहरुबाट उपलब्ध गराइएको अवसरको जानकरी सङ्कलन, अध्ययन तथा सूचना प्रवाह गर्ने।
- जि.एस.पी. सिफारिश तथा बिक्री वितरणको व्यवस्था गर्ने तथा अध्यावधिक विवरण सम्बन्धित शाखा महाशाखालाई उपलब्ध गराउने।
- GSP तथा यूरोपियन यूनियनको डेरोगेशन सुविधा अन्तर्गतको निकासी तथ्याङ्क सङ्कलन गरी यूरोपियन यूनियनलाई उपलब्ध गराउने।
- तोकिएको अन्य कार्यहरु गर्ने।

## (ख) वस्तु बिकास महाशाखा

- उत्पादनदेखि बजार व्यवस्थापनसम्मका सम्पूर्ण पक्षहरुलाई समेट्ने गरी वस्तु विकास सम्बन्धी कार्यक्रम र परियोजनाहरुको पहिचान गर्ने र सो सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने।
- वस्तु विकासका लागि आवश्यक Product profile, Brochure, Catalogue, Documentary, Roster आदि तयार गर्ने र गर्न लगाउने।
- गुणस्तर मापदण्ड बारे अद्यावधिक जानकारी सङ्कलनका लागि अध्ययन गरी गुणस्तर निर्धारण गर्न राय सुझाव दिने।
- नेपाल सरकारले निर्यात प्रवर्द्धनका लागि पहिचान गरेको Nepal Trade Integration Strategy (NTIS) अन्तर्गत रहेका वस्तुहरुका साथै सरकारबाट समय समयमा ल्याइने वस्तु विकास नीति बमोजिमका आवश्यक कार्यहरु सम्पादन गर्ने।
- नेपालभित्र गलैंचा, तयारी पोशाक, ऊनी वस्तु आदिको उत्पादन तथा निकासी प्रवर्द्धनको लागि चाहिने आधारभूत पूर्वाधारको विकास गरी सो सम्बन्धी सूचना तथा परामर्श सेवा प्रदान गर्ने।
- स्टावेक्स कार्यक्रम अन्तर्गतको रिभल्भिङ्ग फण्डको ऋण सम्बन्धी कार्य गर्ने।
- केन्द्रको प्रतिनिधित्व गरी स्थानीय रुपमा सञ्चालन हुने विभिन्न गोष्ठी, सेमिनार आदिमा सहभागी हुनुका साथै केन्द्रले तोकेको अन्य कार्यहरु गर्ने, गराउने।
- महाशाखागत रुपमा वस्तु बिकास, व्यापार तथ्याङ्क सङ्कलन तथा विश्लेषण र व्यापार अनुसन्धान सम्बन्धी कार्यहरुमा समन्वय गर्ने।
- सेवा व्यापार सम्बन्धी कार्यको समन्वय गर्ने र सो कार्य सम्पादन गर्ने गराउने।
- महाशाखा अन्तर्गत सञ्चालन गर्न तोकेको कार्य समेतको परिधिभित्र रही कार्यक्रमहरु र बजेट तर्जुमा प्रस्ताव गरी स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने।
- कार्यक्रम र कार्यक्रम बाहिरको कार्य प्रगति केन्द्र र मन्त्रालयमा उपलब्ध गराउने कार्य गराउने।

- केन्द्रको महाशाखाहरु बीच र आफ्नो महाशाखा अन्तर्गत शाखाहरुमा समन्वय राखी वस्तु बिकास, व्यापार तथ्याङ्क, व्यापार अनुसन्धान कार्यमा संलग्न रही देशको निकासी प्रवर्द्धनमा सघाउ पुर्याउने कार्य गर्ने।
- दैनिक रुपमा आफ्नो महाशाखा अन्तर्गतका शाखाहरुको कार्यको सुपरिवेक्षण कार्य गर्ने। केन्द्रबाट आयोजना गरेको र गरिने बैठक, गोष्ठी, तालीम र कार्यशालामा आफ्नो महाशाखाको तर्फबाट केन्द्रलाई सहयोग गर्ने।
- निकासी व्यापारका सम्बन्धमा जानकारी लिन आउने सेवाग्राहीहरुलाई यस सम्बन्धी अद्यावधिक जानकारी उपलव्ध गराउनुको साथै परामर्श सेवा उपलव्ध गराउने।
- कार्यकारी निर्देशकसँग समन्वय गरी गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्यहरु गर्ने, गराउने।

**(ख.१) वस्तु विकास शाखाः**

- कृषि तथा वनजन्य, हस्तकला तथा औद्योगिकजन्य वस्तुहरुको पहिचानका लागि उत्पादनको स्थिति, उत्पादन वृद्धि र बजारीकरणका लागि चालिनु पर्ने कदम, अवसर, चुनौती, समस्या र समाधान गर्न अपनाउनु पर्ने भावी रणनीति सहितको अध्ययन अनुसन्धान गरी सिफारिशहरु प्रस्तुत गर्ने।
- वस्तु विकासका लागि अध्ययन अनुसन्धानले देखाएका अवसरहरुलाई अंगिकरण गर्ने कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने।
- उत्पादित वस्तुको गुणस्तरको सम्बन्धमा अध्ययन गरी गुणस्तर कायम गर्न अन्तर्राष्ट्रिय मान्यता अनुसारको राय सुझाव दिने।
- उत्पादक र निकासीकर्ता बीचको अन्तर सम्बन्ध विकास गर्न मध्यस्थताको भूमिका निर्वाह गर्ने एवं विदेशी आयातकर्ताहरुको विवरण अद्यावधिक गरी निकासी सम्भाव्यताको जानकारी सम्बन्धितलाई उपलब्ध गराउने।
- आवश्यकता अनुसारका श्रव्य दृश्य र प्रकाशन सामग्रीहरु तयार गर्ने।
- डिजाइन, उत्पादकत्व वृद्धि र मूल्य अभिवृद्धिमा महत्वपूर्ण पक्षहरु बारे अध्ययन गरी सुझाव दिने।

- गलैंचा तथा ऊनी वस्तु उत्पादनका लागि आवश्यक पर्ने सबै प्रकारका कच्चा पदार्थको आपूर्तिको लागि सिफारिश गर्ने र त्यस्ता कच्चा पदार्थ एवं निर्यात हुने गलैंचा तथा ऊनी वस्तुको गुणस्तर निर्धारण, अनुगमन, प्रमाणीकरण र सुपरिवेक्षण गर्ने।
- गलैंचा तथा ऊनी वस्तु उत्पादित उद्योगहरुबाट निस्कने प्रदुषणबाट वातावरणमा पर्न सक्ने नकारात्मक असरलाई रोक्न र प्रदुषण कम गर्ने कार्यका लागि सम्बिन्धत पक्षलाई आवश्यक सुझाव र सो सम्बन्धी चेतनामुलक कार्यक्रम सन्चालन गर्ने।
- नेपालभित्र गलैंचा, तयारी पोशाक, ऊनी वस्तु आदिको उत्पादन तथा निकासी प्रवर्द्धनको लागि चाहिने आधारभूत पूर्वाधारको विकास गरी सो सम्बन्धी सूचना तथा परामर्श सेवा प्रदान गर्ने।
- अन्य आवश्यक कार्य गर्ने।

**(ख.२) सेवा व्यापार तथा तथ्याङ्क शाखा :**

- भारत तथा तेस्रो मुलुकहरुको निकासी पैठारी तथ्याङ्क भन्सार नाकाहरुबाट सङ्कलन गरी तालिकीकरण गर्ने र सामयिक रुपले प्रकाशन गर्नको लागि पाण्डुलिपी तयार गरी विश्लेषणात्मक रुपमा आवश्यकता अनुसार प्रकाशन गर्ने।
- तथ्याङ्क सङ्कलनका लागि आवश्यकता अनुसार कर्मचारी परिचालन गर्ने तथा सङ्कलनका लागि भन्सार विभाग, भन्सार कार्यालय, नेपाल राष्ट्र बैंक लगायतका विभिन्न निकायहरुसँग समन्वयकारी भूमिका निर्वाह गर्ने।
- सङ्कलित तथ्याङ्कलाई प्रत्येक आर्थिक बर्षमा तुलनात्मक रुपमा अध्ययन र विश्लेषण गरी तथ्याङ्क पुस्तिका-सि.डी. आदि प्रकाशन गरी वितरणको व्यवस्था मिलाउने।
- Commercially Important Person (CIP) तथा उत्कृष्ट निकासीकर्ता सम्मानका लागि आवश्यक पर्ने तथ्याङ्कको अभिलेख अध्यावधिक गरी सम्बन्धित पक्षलाई उपलब्ध गराउने तथा यस सम्बन्धी आवश्यक निर्देशिका, कार्यविधिमा समयानुकूल परिमार्जनका लागि सुझाव पेश गर्ने।
- प्रत्येक आर्थिक बर्षको निकासीको आधारमा निकासीकर्ताहरुको वर्गिकरण गरी निकासीकर्ताहरुको वेग्ला बेग्लै अभिलेख राख्ने।
- तोकिएका अन्य कार्यहरु गर्ने।

### (ख.३) व्यापार अन्वेषण शाखा

- द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सम्झौताहरुबाट नेपालले प्राप्त गरेका र गर्न सक्ने लाभका सम्बन्धमा अध्ययन अनुसन्धान गरी अध्यावधिक प्रतिवेदन तयार गर्ने।
- द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सम्झौताहरुबाट नेपालको निर्यातमा पर्न सक्ने असरलाई दृष्टिगत गरी आवश्यक व्यवस्था गर्न सम्बन्धित पक्षलाई जानकारी प्रदान गर्ने।
- स्वदेशी उत्पादनको तुलनात्मक लाभ, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि आवश्यक पक्षहरुको विश्लेषण गरी अध्यावधिक विवरण सम्बन्धित पक्षलाई उपलब्ध गराउने।
- नेपाली र विदेशी व्यापारीहरुका बीचमा उठेका व्यापार विवादको समस्या समाधानका लागि आवश्यक सहयोग पुर्याउने र समन्वय गर्ने।
- निर्यात अवसरको खोजीका क्रममा लक्षित बजारको अध्ययन तथा अनुसन्धान गर्ने।
- तोकिएका अन्य कार्यहरु गर्ने।

### (ग) योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा

- महाशाखा अन्तर्गतका शाखाहरुबाट गरिने बार्षिक कार्यक्रम कार्यान्वयन गराउने कार्य र कार्यक्रम बाहेकका सो महाशाखासँग सम्बन्धित प्रतिवेदन-टिपोट-ब्रिफिङ्ग तयार तथा अन्य कार्यहरु गर्ने।
- दैनिक रुपमा आफ्नो महाशाखा अन्तर्गतका शाखाहरुको कार्यमा सुपरिवेक्षण कार्य गर्ने।
- स्वदेश तथा विदेशस्थित विभिन्न सङ्गठन एवं निकायहरुसंग विभिन्न माध्यमबाट सम्पर्क कायम गर्ने।
- व्यापार सम्बन्धी सूचना प्रणाली विश्वसनीय, सरल, सक्षम र छिटो प्रवाह गर्ने व्यवस्था मिलाउने।
- निकासी व्यापारका सम्बन्धमा जानकारी लिन आउने सेवाग्राहीहरुलाई यस सम्बन्धी अद्यावधिक जानकारी उपलव्ध गराउनुको साथै परामर्श सेवा उपलव्ध गराउने।
- राष्ट्रिय योजना तथा वाणिज्य नीतिलाई दृष्टिगत गर्दै केन्द्रको बार्षिक योजना तथा कार्यक्रमको मस्यौदा तयार गर्ने र सम्बन्धित शाखाहरुसँग

समन्वय गरी बजेटको तर्जुमा गर्ने।

- विनियोजित कार्यक्रम र प्रशासनिक बजेटको परिचालनमा सहयोग गरी बजेटको समीक्षा गर्ने।
- केन्द्रले सञ्चालन गर्ने कार्यक्रमहरुको अनुगमन, निरीक्षण र सुपरिवेक्षण गर्ने-गराउने।
- आवधिक तथा बार्षिक कार्य प्रगति विवरण तयार पार्न लगाउने।
- केन्द्रको पदपूर्ति समिति र व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिको तोकिएको कार्यहरु गर्ने।
- निर्यात क्षेत्र तथा देशको सम्पूर्ण बाणिज्य क्षेत्रलाई असर पार्ने किसिमको नेपाल सरकारको बाणिज्य नीति, राष्ट्रिय योजना नीति नियम आदि अध्ययन गर्ने एवं नीति तर्जुमाका लागि राय उपलव्ध गराई सहयोग पुर्याउने।
- वैदेशिक व्यापार सम्बन्धी प्रक्रिया, प्रलेख र सुविधा एवं पूर्वाधार व्यवस्थाको अध्ययन गर्ने र अध्ययन गर्न लगाउने।
- औद्योगिक प्रवर्द्धन नीति, बैदेशिक लगानी नीति, बैदेशिक मुद्रा नीतिहरु आदिको अध्ययन गर्ने।
- निर्यात व्यापार सम्बन्धी बैकिङ्ग, बीमा र पारवहन आदिको अध्ययन गर्ने।
- कर्मचारी तथा जिन्सी व्यवस्थापन गर्ने र गराउने।
- केन्द्रको प्रकाशनहरुको बिक्री वितरण, दर्ता, चलानी, सरसफाई, सुरक्षा व्यवस्था, सवारी साधन परिचालन लगायत कार्यको लागि आवश्यक प्रबन्धहरु गर्ने।
- आर्थिक प्रशासन सम्बन्धी कार्य सञ्चालनको लागि आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालीम-गोष्ठी-सेमिनार आदिमा केन्द्रका कर्मचारीहरुको सहभागिताको व्यवस्था गर्ने।
- निर्यात व्यापारसंग सम्बन्धित दक्षता अभिवृद्धि गराउन केन्द्रबाट आयोजना गर्न सकिने छोटो तथा लामो अवधिको तालीम पहिचान गरी पाठ्यक्रम निर्माण लगायत आवश्यक कार्यविधी तयारी गर्ने साथै सम्बन्धित विज्ञको रोष्टर स्वीकृत गराई तालिम सञ्चालन गराउने।

- केन्द्रको आफ्नै पहलमा वा अन्य संघ संस्थासँग संयुक्त सहभागितामा तालीम, गोष्ठी, अन्तरक्रिया, सेमिनार आदिको आयोजना-सञ्चालन सम्बन्धी कार्य गर्ने र गर्न लगाउने।
- केन्द्रमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट छात्रवृत्ति कोष उपलब्ध हुन सक्ने सम्भावनाको खोजी गर्ने।
- साथै तोकिएका अन्य कार्यहरु गर्ने।

### (ग.१) व्यापार सूचना प्रविधि शाखा

- व्यापार प्रवर्द्धनका लागि सहयोग हुने खालका पुस्तक, पत्रपत्रिका, प्रलेख, ऐन, नियम, नीति, निर्देशिका आदि खरिद एवं सङ्कलन गर्ने तथा संङ्कलित प्रलेखहरुलाई वस्तुगत, देशगत र कार्यगतको आधारमा वर्गिकरण गरी प्रशोधन गर्ने र Cataloguing गरी Kardex System मा व्यवस्थित रुपमा राख्ने।
- विभिन्न संघ संस्थाका प्रकाशनहरुलाई विनिमय प्रणाली अनुसार आदान प्रदानको व्यवस्था गर्ने।
- प्राप्त प्रलेखहरुबाट केन्द्रका विभिन्न महाशाखा-शाखाहरुलाई आवश्यक पर्ने विवरणहरु अध्यावधिक गरी उपलब्ध गराउने।
- विभिन्न समयमा भएका निकासीयोग्य वस्तु, बजार अध्ययन लगायतका महत्वपूर्ण अध्ययन अनुसन्धानका प्रतिवेदनहरु सङ्कलन गरी व्यवस्थित रुपमा राख्ने र आवश्यकता अनुसार आन्तरिक एवं बाह्य प्रयोगको लागि उपलब्ध गराउने।
- निकासी व्यापारका सम्बन्धमा जानकारी लिन आउने सेवाग्राहीहरुलाई यस सम्बन्धी अध्यावधिक जानकारी उपलब्ध गराउनुका साथै परामर्श सेवा उपलब्ध गराउने।
- व्यापार सम्बन्धी सूचना प्रणाली विश्वसनीय रुपमा सरल सक्षम र छिटो प्रवाह गर्ने।
- आयात-निर्यातकर्ताहरुको Company Profile and Product Profile तयार गरी अद्यावधिक राख्ने र समय समयमा आयात निर्यातकर्ताहरुको रोष्टर प्रकाशित गरी सूचना सेवा सम्बन्धी जानकारी प्रदान गर्ने।
- विभिन्न देशको निकासी पैठारी सम्बन्धी व्यापार तथ्याङ्क, भन्सार दरबन्दी, सामान्य ग्राह्यता प्रणाली (GSP), शुल्क तथा गैर शुल्क,

गुणस्तर नियन्त्रण प्रमाणपत्र तथा सूचनाहरु सङ्कलन गरी उपलब्ध गराउने।

- विद्युतीय प्रणालीबाट उपलब्ध गराउन सक्ने व्यापार सम्बन्धी अद्यावधिक तथा समसामयिक महत्वपूर्ण सूचनाहरु ट्रेड प्वाइन्टमा आवद्ध गरी प्रवाह गर्ने।
- केन्द्रबाट प्रकाशित हुने विभिन्न प्रकारका निःशुल्क प्रकाशनहरु वितरण गर्ने।
- नियमित रुपमा केन्द्रका जानकारीमूलक पत्र—पत्रिका एवं प्रलेखहरुलाई अध्यावधिक गरी प्रकाशन गर्ने।
- तोकिएका अन्य कार्यहरु गर्ने।

**(ग.२) योजना तथा जनशक्ति विकास शाखा**

- केन्द्रका महाशाखा-शाखाहरुबाट प्राप्त कार्यक्रमहरुलाई सङ्कलन गरी आवधिक योजना तथा सरकारको प्राथमिकता अनुसारका कार्यक्रमहरुको मस्यौदा गरी स्वीकृतीको लागि सम्बन्धित निकायमा पेश गर्ने।
- स्वीकृत बार्षिक कार्यक्रमको कार्य प्रगती मासिक, त्रैमासिक, तथा बार्षिक रुपमा तयार गरी सम्बन्धित निकायमा समीक्षा लगायतको कार्यको लागि पठाउने।
- बार्षिक प्रतिवेदन तयार गर्ने।
- केन्द्रका कार्यक्रमहरुको आवश्यकता अनुसारको अनुगमन तथा निरीक्षण गर्ने।
- बैदेशिक व्यापार सम्बन्धी नीति, नियम, प्रक्रिया र सुविधा एवं पूर्वाधार व्यवस्थाको अध्ययन गर्ने।
- निकासी व्यापारका क्षेत्रमा आवश्यक पर्ने नीति नियम आदि अद्यावधिक गर्न तथा नयाँ बन्ने ऐन नियम तर्जुमाका लागि आवश्यक राय उपलब्ध गराई सहयोग गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा आयोजना हुने तालिम तथा अध्ययन सम्बन्धी सूचनाहरु प्राप्त गरी सहभागिताको व्यवस्था मिलाउने।
- निर्यात व्यापारसँग सम्बन्धित दक्षता अभिवृद्धि गराउन केन्द्रबाट आयोजना गर्न सकिने छोटो तथा लामो अवधिको तालीम पहिचान गरी पाठ्यक्रम तर्जुमा लगायत आवश्यक कार्यविधि तयारी गर्ने साथै सम्बन्धित विज्ञको रोष्टर तयार गरी तालिम सञ्चालन गराउने।

- केन्द्रमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि छात्रवृत्तिको व्यवस्थाको सम्भावना खोजी गर्ने।
- तोकिएका अन्य कार्यहरु गर्ने।

**(ग.३) व्यवस्थापन शाखा**

- कर्मचारी व्यवस्थापनका लागि सिफारिश गर्ने।
- केन्द्रको भौतिक सम्पत्तिको संरक्षण पुनःनिर्माण, मर्मत लगायतका कार्यहरु गर्ने।
- कर्मचारीहरुको व्यक्तिगत विवरणको अभिलेख अध्यावधिक गर्ने।
- आवश्यकता अनुसार सामान खरिद गर्ने, अभिलेखीकरण गरी वितरणको व्यवस्थापन गर्नुका साथै जिन्सी व्यवस्थापन सम्बन्धी आवश्यक कार्यहरु गर्ने।
- पदपूर्ति सम्बन्धी आवश्यक कार्यमा सहयोग गर्न।
- आर्थिक प्रशासनसँग सम्बन्धित कार्यहरु ऐन नियमको परिधि भित्र रही गर्ने र आवश्यक अध्यावधिक विवरण तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।
- टेण्डर र करार सम्बन्धी कार्य गर्ने।
- केन्द्र र अन्तर्गतका कार्यालयहरुबाट सञ्चालित कार्यक्रमहरुको आवश्यकता अनुसार अनुगमन निरीक्षण गर्ने।
- बार्षिक रुपमा आवश्यक पर्ने प्रशासनिक बजेट तर्जुमा गर्ने र कार्यक्रम बजेटको लागि सम्बन्धित शाखासँग आवश्यक समन्वय लगायतको कार्य गर्ने।
- समयमै लेखा परिक्षण गराउने तथा लेखा परिक्षणबाट औंल्याइएका (आन्तरिक तथा अन्तिम) वेरुजुहरु फछ्र्यौट गर्ने, गराउने।
- दर्ता, चलानी, सरसफाई, सुरक्षा, सवारी साधन परिचालन लगायतका कार्यहरु गर्ने।
- समिति तथा समिति अन्र्तगत गठित उप—समितिहरुलाई आवश्यकतानुसार सहयोग गर्ने।
- तोकिएका अन्य कार्यहरु गर्ने।

**(घ) सम्पर्क कार्यालयहरु (विराटनगर, नेपालगञ्ज)**

- प्रादेशिकस्तरमा सञ्चालन गर्ने कार्यक्रम तर्जुमा गर्ने तथा कार्यान्वयन गर्ने, गराउने।

- प्रादेशिक व्यापार तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गर्ने।
- केन्द्रीयस्तरबाट सञ्चालन गर्ने कार्यक्रमहरुमा आवश्यकतानुसार सहयोग र समन्वय गर्ने।
- प्रादेशिकस्तरमा आयोजना हुने व्यापार मेलाहरुमा आवश्यकतानुसार सहयोग र सहकार्य गर्ने।
- प्रादेशिक रुपमा उत्पादन हुने वस्तुहरुको बजारीकरणका लागि आवश्यक अध्ययन अनुसन्धान तथा आई परेका समस्याहरु समेटी अध्यावधिक प्रतिवेदन तयार गरी कार्यान्वयनका लागि आवश्यक पहल गर्ने।
- आवश्यकता अनुसार तालीम, गोष्ठी र सेमिनारहरु पहिचान गरी यस्ता कार्यक्रम आयोजना गर्ने।
- व्यापारिक अवसरको अद्यावधिक सुचना प्रवाह गर्न आवश्यक व्यवस्था मिलाउने।
- केन्द्रका प्रकाशन तथा निर्यात प्रलेखहरुको बिक्रीको व्यवस्था मिलाउने।
- केन्द्रीय कार्यालयको निर्देशन अनुसारका अन्य कार्यहरु गर्ने।

**केन्द्रबाट प्रदान गरिने सेवाहरुः**

- देशको व्यापार विकास र विस्तार गर्ने सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्न नेपाल सरकारलाई सुझाव दिने,
- निर्यात भैरहेका र निर्यात सम्भाव्य वस्तुको पहिचान एवं सम्भाव्यता अध्ययन, उत्पादन, उपलब्धता, गुणस्तरीय पक्ष एवं अन्तर्राष्ट्रिय बजार अवसर सम्बन्धी जानकारी उपलब्ध गराउने तथा वस्तुगत प्रोफाईल तयार गर्ने,
- नेपाली वस्तुहरुको बजार प्रवर्द्धन र विविधिकरणको लागि विदेशी मुलुकहरुमा सामुहिक व्यापार चिन्ह (Collective Trade Mark) दर्ताका लागि सहयोग गर्ने,
- भन्सार सुविधा प्राप्तिका लागि युरोपियन यूनियनमा आबद्ध मुलुकहरु सहित नर्वे, स्वीट्जरलैण्ड र टर्कीमा मालवस्तु निकासी गर्न चाहने निकासीकर्तालाई रेक्स (REX) प्रणालीमा दर्ता तथा अन्य मुलुकको हकमा सामान्य ग्राह्यता प्रणाली Generalized Scheme of Preference (GSP) Form A विक्री तथा जारी गर्ने,

- ऊनी गलैंचा तथा स्वीटरमा प्रयोग हुने कच्चा पदार्थ (ऊन) आयातमा सिफारिश प्रदान गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनी बारे जानकारी, सरकारी तथा निजी क्षेत्रको लागत साझेदारीमा राष्ट्रिय-अन्तर्राष्ट्रिय व्यापार मेलाहरुको प्रवन्ध तथा आयोजना गरी सम्बन्धित सरोकारवालाहरुलाई सहभागिता गराउने, विदेशस्थित नेपाली कुटनीतिक नियोगहरुसंगको सहकार्यमा द्वद्वयबैठकको आयोजना गर्ने,
- नेपालको वैदेशिक व्यापारको तथ्याङ्क संकलन, प्रशोधन, सम्प्रेषण, विश्लेषण, प्रकाशन तथा वितरण गर्ने,
- केन्द्रको वेभसाइटका साथै नेपाल ट्रेड इन्फरमेशन पोर्टल मार्फत सम्पूर्ण व्यापारिक सूचनाहरु, अन्तर्राष्ट्रिय सीमापार व्यापारमा लागु हुने देशका सम्पूर्ण ऐन, नीति, नियम, कार्यविधि सम्बन्धी सूचनाहरु प्रवाह गर्ने,
